मानिसले आफ्नो सुरक्षाको कानून बनाएको छ । हर प्रकारका संकट निवारण गर्नका लागि उपाय खोजेको छ । तर यी निरीह, अशक्त र निरपराध पशुहरुको रक्षाको लागि कानून कसले बनाउने ? पशुवध त हाम्रो कर्मभूमिमा पनि भैरहेको थियो तर हाम्रो जन्मभूमिमा त्यो भन्दा बढी दुःखदायी रुपमा देखा परेको छ । यो सवै अहिंसा कानून र सदाचरणको परिपालना दुवै मिलेर मात्रै रोक्न सकिन्छ । मानिसको आचरण, खानपान र संस्कारमा परिवर्तन ल्याउन जरुरी छ । तर मानिसमा पशुको जस्तै निःस्वार्थ इमान्दारिता, सहयोगी भावना र मंगलकारी परिश्रमशीलता आयो भने यो धर्ती स्वर्गजस्तै आनन्द र प्रकाशले भरिन्छ । मानिस आफ्नो कर्तव्यबाट चाहे भट्कियोस् तर पशुहरु आफ्नो कर्तव्यबाट कहिल्यै पनि हट्दैनन् । गाई र भैंसीले अमृतरुपी दूध हामीलाई दिईरहेका छन् । गोरुहरु आफ्नो कठोर परिश्रमका साथ लागिरहेका छन् र खेतहरु हरियाली तुल्याएका छन् । अद्भूत छ पशुहरु कर्तव्यबाट भट्किरहेका छैनन् । पशुहत्या र समाजमा भड्किएको हिंसा विकृत मानव प्रवृत्तिको ज्वलन्त उदाहरण हो । जुन दिन यसको अन्त्य हुन्छ, मनुष्य जीवन पवित्र भावनाले भरिनेछ- मणिभद्र महाराजले भावुकतापूर्वक आफ्ना भनाई राख्नुभयो ।



राष्ट्रपति डा. रामवरण यादवसँग मुनि मणिभद्रजी महाराज

# मुनि मणिभद्रका अनमोल सन्देश

नेपालकेशरी जैन सन्त श्री मणिभद्रजी महाराज साधनका दृष्टिले उच्च र महान् हुनुहुन्छ । उहाँ बहुभाषाविद् हुनुहुन्छ र विद्वान पनि । कठोर त्याग तपस्याका कारण मुनि मणिभद्रजी महाराज अत्यन्त सरल, सहज हुनुहुन्छ । उहाँको बोलीमा मिठास र आकर्षण रहेको छ । उहाँ एक सुमधुर गायक हुनुहुन्छ । उहाँका पाँच पुस्तक प्रकाशित भएका छन् । आत्मानुसन्धान, मणिमाला, बुँद बुँद सागर, स्नेह के स्वर



र कर्मभूमि से जन्मभूमि तक यी सबै पुस्तकहरु हिन्दीमा प्रकाशित भएका छन्, ती मध्ये 'कर्मभूमि देखि जन्मभूमिसम्म' र 'मणिमाला' यी दुई पुस्तकको समेत नेपाली अनुवाद भएको छ ।

मणिभद्रजी महाराजको मूल शिक्षा अहिंसा, अपरिग्रह र अनेकान्त दर्शन हो । उहाँको विचारमा अहिंसा भन्नाले हिंसा रहित भन्ने कुरा बुझाउँछ । जहाँ हिंसा हुँदैन त्यहाँ अहिंसा हुन्छ । अर्थात् हिंसाबाट पर हट्नु अहिंसा हो । प्रत्येक व्यक्तिलाई जीवन प्रिय लाग्छ, मरण प्रिय लाग्दैन । अनुकूलता मन पर्छ, प्रतिकूलता होइन । स्वतन्त्रता प्यारो लाग्छ, परतन्त्रता होइन । मन, वचन र कर्मले कसैलाई कष्ट नदिनु पूर्ण अहिंसा हो । महाराज भन्नुहुन्छ- "अध्यात्ममा अहिंसा भनेको समता, शान्तिभाव र आत्माको चैतन्यता हो । तर साधनाको बाटोमा हिँड्दा एकैचोटी फल प्राप्त हुन्छ भन्ने होइन ।"

महाराजको दृष्टिकोणमा समाजमा रहेको विषमतालाई अन्त्य गर्न अपरिग्रह सिद्धान्तको खाँचो पर्छ । ममत्व भाव र अधिकार प्राप्ति र वर्तमान जगतको लडाई हो । अहिले मानिसहरु अर्थ संग्रह गर्न धम्मरधुसले लागि परेका छन् । तर सम्पत्ति हुँदैमा मानिस सुखी हुने होइन । झनै बन्धनमा परेको धेरैले महशुस गर्छन् ।

अनेकान्त दर्शनका बारेमा महाराजजी भन्नुहुन्छ- सत्य अनन्त छ । अनेकान्त दर्शनको पृष्ठभूमिको कुरा यही हो । यसै प्रसङ्गमा भगवान बुद्धको एक घटना

उहाँ सुनाउनु हुन्छ - एकपटक भगवान बुद्ध आफ्ना शिष्यहरुका साथ जङ्गलको बाटो हुँदै यात्रा गरिरहनुभएको थियो । भुइंमा झरेका पात टिप्नुभयो । हातमा लिनुभयो । अनि आफ्ना शिष्यहरुलाई सोध्नुभयो- मेरो हातमा पातहरु धेरै छन् कि जङ्गलमा ? शिष्यहरुले भने- निश्चय पनि जङ्गलमा धेरै छन् ।

भगवान बुद्धले पुनः भन्नुभयो, शिष्यहरु ! सधैं याद राख्नु, मैले जति सत्य शिक्षा दिएँ त्यो मेरो हातमा रहेको पात झैं हो । अरु सत्य जङ्गलका पात झैं हुन् । सत्य अनन्त छ, जहाँ भेटिए पनि स्वीकार गर्नुपर्छ । म र मैले भनेको मात्रै सत्य होइन, अरुको विचार, धारणा र भनाई पनि सुन्ने साहस बटुल्नु पर्छ । अरुका सत्य विचार स्वीकार्न सक्नु नै अनेकान्त सिद्धान्त हो । जुन भगवान महावीरले दिनुभएको मौलिक सिद्धान्त मानिन्छ ।

महाराजका कृतिहरु आत्मसाधना र सदाचारका विषयमा बढी केन्द्रित भएको पाइन्छ । मणिमाला पुस्तकमा महाराज आफ्नो भनाई यसरी निम्न बमोजिम राख्नुहुन्छ ।




**२६०९ औं महावीर जयन्तीलाई काठमाडौंमा सम्बोधन गर्नुहुँदै मुनि मणिभद्रजी महाराज**

१) दुर्लभ मानव शरीर

समुद्रभित्र माछा रहन्छ । माछाको मूल्य त्यस बेला थाहा हुन्छ जब ऊ बाहिर निस्कन्छ या समातिन्छ । यसै प्रकार मानव शरीरको मूल्य त्यस बेला थाहा हुन्छ जब मृत्यु आउँछ र हामी केही गर्न सक्दैनौं । त्यस बेला यस्तो लाग्छ - हरे ! मानव शरीर प्राप्त भएको थियो तर त्यसै बर्बाद भयो ।

मुखमा दाँत भइन्जेल व्यक्तिले सहजतापूर्वक खानपान गर्न सक्दछ । दाँतको महत्व त्यस बेला थाहा हुन्छ जब दाँत झर्छ र खाना खानको लागि लाचार बन्छ । मानिसले आफ्नो जीवनको मूल्य त्यसबेला सम्झन्छ जब मृत्युले बोलाउँछ । जसले सम्झन्छ - मनुष्य शरीर दुर्लभ छ, त्यही व्यक्ति नै महावीर हो, बुद्ध हो । यसकारण महापुरुष तथा सन्त महात्माहरु बारम्बार भन्दछन्- यो दुर्लभ मानव शरीर बारम्बार मिल्दैन । यदि यो श्रेष्ठ शरीर पाएर पनि धर्मको मर्म सम्झन सकेन, शुभकार्य गरेर पुण्य आर्जन गर्न सकेन भने देवताहरुको लागि पनि दुर्लभ मानिने मानवदेह निरर्थक हुनेछ ।

मनुष्य जन्म दुर्लभ छ, यसका एक एक क्षण अमूल्य छन् । बडो दुःखको कुरा छ मानिसहरु कौडी समान यसलाई खर्च गरिरहेका छन् । सुनसान वनमा मालती फूल फुल्नु व्यर्थ हुन्छ । यसैप्रकार सौन्दर्यता र माधुर्यको उपयोग हुँदैन भने जसरी फूल फुल्नु व्यर्थ लाग्छ, त्यसरी नै संसारमा मानिसले देह प्राप्त गरेर पनि सदुपयोग गर्न नसके निष्फल भएको सम्झनु पर्दछ मानव जीवन ।

२) अमूल्य समय

जसरी तिलमा तेल, दूधमा मख्खन, काठमा आगो हुन्छ । त्यस्तै शरीरमा आत्मा हुन्छ । आत्मा शरीरको साथ बाँधिएको हुन्छ । तर साँचो कुरा यो पनि हो- शरीर र आत्मा अलग-अलग विषय हुन् । जस्तो दूधमा मख्खन निकाल्न उसलाई मोथ्नु पर्दछ । त्यसैगरी आत्मालाई जान्नका लागि आत्मस्वरुपमा रमण गर्नु पर्दछ । गहन चिन्तन र मनन गरेपछि मात्र ज्ञानको ज्योति हृदयमा बल्दछ ।

धन हरायो भने पनि फेरी प्राप्त गर्न सकिन्छ । तर यदि हाम्रो हातबाट जीवन निस्क्यो भने दोस्रो पटक प्राप्त गर्न सकिँदैन । यसैका लागि भगवान

महावीरले भन्नुभयो- गौतम क्षणभरका लागि पनि प्रसाद नगर । यो समय बडो अमूल्य छ । यसको महत्व सम्झ । यो मानव जीवन वारम्वार मिल्दैन । संसारको सुख क्षणीक मात्र हो, यसको पछाडि अनेकौं नरकादि दु:खहरु छन् । त्याग बिना मुक्ति असम्भव शीर्षकमा महाराज लेख्नुहुन्छ- व्यक्ति आफ्नो मनको दृढताबाट महान वन्दछ । मनका अशुभ भावलाई शुभ भावनामा परिवर्तन गरेर नै व्यक्ति महान बन्दछ । वाह्य मन जब संसारिक प्रवृत्तिहरुमा नाच्न र भड्कन चाहन्छ तब अन्तरआत्माले उसलाई सावधान गर्दै भन्दछ- व्रत, उपवास बस्ने गर, संयमता पालना गर ।

त्याग बिना मुक्तिको अभिलाषा कहिल्यै पूरा हुन सक्दैन । आजसम्म कर्मबाट, सन्तानबाट कुनै व्यक्तिले अमृतरुपी मोक्ष प्राप्त गरेका छैन । मोक्षलाई यदि कसैले प्राप्त गरेको छ भने एकमात्र साधन त्यागद्वारा प्राप्त गरेको छ । बन्धन र मोक्षको दुई आशय छ - ममताबाट प्राणी बन्धनमा पर्छ भने ममतारहित हुँदा मुक्ति । तात्पर्य यो हो कि मानिसले जबसम्म सांसारिक पदार्थ र सांसारिक बन्धनमा ममता राख्दछ, ऊ संसारबाट मुक्त हुनै सक्दैन । यसैगरी घृणा पापीसँग होइन, पापसँग शीर्षकमा मणिभद्रजी महाराज यसरी लेख्नुहुन्छ - "पाप खराब हो, पापी होइन । घृणा पापसँग गर्नुपर्दछ, पापीसँग होइन । आजको पापी व्यक्ति भोलि धर्मात्मा बन्न सक्दछ । धर्म गर्ने व्यक्तिले पछि पाप गर्न सक्छ । पापीलाई शुभ-अवसर मिल्यो भने ऊ सिद्ध, बुद्ध र मुक्त बन्न सक्दछ । धर्मात्मा प्राय: पापीलाई देखेर अनुहार फेर्छ तर, भगवानको घरमा पापी र धर्मात्मा दुवैलाई एउटै स्थान मिल्दछ । पापी व्यक्तिमा पनि परमात्मालाई पाउने योग्यता र सम्भाव्यता हुन्छ । पापी र हत्यारो पनि पापबाट मुक्त भएपछि संयम मार्गको साधक बन्न सक्दछ ।

व्यक्तिको विगतका जीवनलाई लिएर उसमाथि घृणा गर्नु सज्जनता होइन, दुर्जनता मान्नुपर्दछ । व्यक्तिले दिशा बदल्नासाथ दशा बदलिन्छ । पापी व्यक्तिले पनि जीवन परिवर्तन गर्न सक्दछ । जस्तो कि अर्जुन मालीले प्रभु महावीरका शरणमा रहेर सिद्धगति प्राप्त गर्न सफल भए । हामीले पनि हृदयमा सुदर्शनका जस्तै उदारता, विशालतालाई स्थान दिनुपर्दछ, संकीर्णता र तुच्छतालाई तिलाञ्जली दिनुपर्दछ । हिंसा कहिले पनि अहिंसामाथि विजयी बन्न सक्दैन । कसैको हृदयमा धर्म बसेको छ भने त्यसलाई कुनै पनि खराब व्यक्तिले प्रभाव पार्न सक्दैन ।